फोन नं.: ०६७-४३०१०२, १०३, १०४

फलेवास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

खानीगाउँ, पर्वत

गण्डकी प्रदेश, नेपाल

प.सं.: ०७९/८०

च.नं.:

## गण्डकी प्रदेश सरकारको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७९ बमोजिम तहवृद्धि/तह मिलान गर्ने सम्वन्धी सूचना

__*सूचना प्रकाशन मिति : २०७९/०६/२८*__

गण्डकी प्रदेश सरकारको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७९ को दफा २८ बमोजिम तह वृद्धि हुने पदभन्दा एक तह मुनिको पदमा तोकिए बमोजिमको न्युनतम सेवा अवधि पुरा गरेका र तोकिए बमोजिमको पछिल्ला आर्थिक वर्षहरुको कार्यसम्पादन मूल्यांकनमा तोकिए बमोजिमको अंक प्राप्त गरेका कर्मचारीलाई सम्वन्धित सेवा समूह वा उपसमूह भित्रको पदमा तहवृद्धि साथै सोही अध्यादेशको दफा ९ अनुसार दरबन्दी मिलान भै स्वतः माथिल्लो तह कायम गर्ने प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ । गण्डकी प्रदेश सरकारको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७९ को दफा ९ बमोजिमको योग्यता पुरा गरेका तथा दफा ३२ बमोजिमको नकरात्मक सुचीमा नपरेका, तहवृद्धि हुने भन्दा एक तह मुनिको सम्वन्धित सेवा समूह र उपसमुहको पदमा यस कार्यालयमा कार्यरत स्थानीय सेवाका तोकिएको योग्यता पुगेका इच्छुक स्थायी कर्मचारीहरुले मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, गण्डकी प्रदेशको वेबसाइटः **www.ocmcm.gandaki.gov.np** मा रहेको तहवृद्धि सम्वन्धी आवेदन फाराम डाउनलोड गरी फाराममा उल्लेखित विवरण खुलाई सम्भव भएसम्म नेपाली कागजमा दुई प्रति प्रिन्ट तयार गरी मिति २०७९/०७/०३ गते कार्यालय समय सम्ममा यस कार्यालयको प्रशासन शाखामा बुझाउनुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद नाघी प्राप्त हुन आएका, अपुरो विवरण भरी पेश भएका वा तोकिए बमोजिमका कागजातहरु संलग्न नभएका आवेदन माथि कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

पुनश्चः तहवृद्धि/तह मिलान सम्वन्धी अन्य व्यवस्थाहरु गण्डकी प्रदेश सरकारको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७९ बमोजिम हुनेछ ।

(नेत्रप्रसाद पौडेल)

प्रमुख प्रशासकीय अधिकृत